# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार १ गते २०३३ साल

### सर्वोच्च अदालतको
### सूचना

कानून व्यवसायी ऐन, २०२५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले सोही ऐनको दफा १० (३) को प्रयोजनको लागि कानून व्यवसायी नियमावली २०२५ को नियम ११ (१) सित सम्बन्धित पाठ्यक्रमको अनुसूची ४ को सट्टा देहाय बमोजिम अनुसूची ४ राखिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः–

अनुसूची ४

(कानून व्यवसायी नियमावली, २०२५ को नियम ११ (१) सित सम्बन्धित)

अभिवक्ताको लागि लिइने परीक्षासम्बन्धी पाठ्यक्रम

यस परीक्षामा जम्मा १००।१०० अंकको पाँच पत्र रहनेछ। प्रथम पत्रको समय साढे एक घण्टाको, पाँचौं पत्रको समय चार घण्टाको र बाँकी दोस्रो पत्र, तेस्रो पत्र र चारौं पत्रको समय तीन। तीन घण्टाको रहनेछ।



६५८ ६६५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) प्रथम पत्रः– सामान्य ज्ञान (वस्तुगत)– – – – –१०० अंक

(क) विश्वसम्बन्धी– – – – – –३० अंक

(ख) नेपाल अधिराज्यसम्बन्धी– – – – – –४० अंक
भौगोलिक, आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक र वर्तमान घट्ना एवं विकाससम्बन्धी सामान्य ज्ञान ।

(ग) पञ्चायतसम्बन्धी– – – – – – –३० अंक
पञ्चायतको वर्तमान ढाँचा र त्यसको विभिन्न अंग ।

(२) दोस्रो पत्रः– कार्यविधि कानून– – – – –१०० अंक

(क) मुलुकी ऐन भाग २ अदालती बन्दोवस्तको महल र दण्ड सजायको महल– – – – – –३० अंक

(ख) प्रमाण ऐन– – – – – –३० अंक

(ग) अञ्चल तथा जिल्ला अदालत नियमावली, क्षेत्रीय अदालत नियमावली र सर्वोच्च अदालत नियमावली– – – –२० अंक

(घ) कोर्टफी ऐन, सरकारी मुद्दासम्बन्धी ऐन र नियमावली र संक्षिप्त कार्यविधि ऐन– – – – –२० अंक

(३) तेस्रो पत्रः– नेपालको संविधान र मुलुकी ऐन– – – –१०० अंक

(क) नेपालको संविधान– – – – –४० अंक

(ख) मुलुकी ऐन भाग ३ सम्पूर्ण– – – –३० अंक

(ग) मुलुकी ऐन भाग ४ र ५ सम्पूर्ण– – – –३० अंक

(४) चौथो पत्रः– विविध कानूनहरू– – – – –१०० अंक

(क) न्याय प्रशासनसम्बन्धी– – – – –२० अंक

(१) सर्वोच्च अदालत ऐन, २०१९

(२) न्याय प्रशासन सुधार ऐन, २०३१

(३) राजस्व न्यायाधिकरण ऐन, २०३१

(४) विशेष अदालत ऐन, २०३१

(ख) पञ्चायत तथा सामान्य प्रशासनसम्बन्धी– – –३० अंक

(१) स्थानीय प्रशासन ऐन, २०२८

(२) सार्वजनिक सुरक्षा ऐन, २०१८

(३) भ्रष्टाचार निवारण ऐन, २०१७

६६६ ६६६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) गाउँ पञ्चायत ऐन, २०१८
(५) जिल्ला पञ्चायत ऐन, २०१९
(६) नगर पञ्चायत ऐन, २०१९

(ग) करसम्बन्धी कानूनहरू– – – – –२० अंक

(१) अन्तःशुल्क ऐन, २०१५
(२) भन्सार ऐन, २०१९
(३) आयकर ऐन, २०३१
(४) आय टिकट दस्तूर ऐन, २०१९

(घ) विविध– – – – – – –३० अंक

(१) नागरिक अधिकार ऐन, २०१२
(२) भूमिसम्बन्धी ऐन, २०२१
(३) भूमि प्रशासन ऐन, २०२४
(४) करार ऐन, २०२४
(५) नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१०

(५) पाँचौं पत्रः– मुद्दासम्बन्धी मिसिल, नजीर र कानूनी सिद्धान्तहरू– –१०० अंक

(क) मुद्दासम्बन्धी मिसिलबाट कुनै एक पक्षको मुद्दाको छोटकरी टिपोट टिपी बहस नोट लेख्नुपर्ने– – – – –६० अंक

(ख) केही नजीरहरू– – – – – –२० अंक

१. २०३१ सालको दे. फु. नं. १०१–२०३१ ने. का. प. १६६ कौशल्या उपाध्यायनी विरूद्ध देवकुमारी उपाध्यायनी ।

२. २०२६ सालको दे. फु. नं. ७९–२०३० ने. का. प. ३०२ मुनिलाल गोलका माडवारी विरूद्ध धनचन्द्र राईसमेत ।

३. २०३० सालको स्पेशनल नं. ११५२–२०३० ने. का. प. २८९ अम्बरबहादुर पाण्डे क्षेत्री विरूद्ध नरबहादुर पाण्डे क्षेत्री ।

४. २०२९ सालको रि. फु. नं. ४०–२०३१ ने. का. प. ३७५ अजिमुल्ला मुसलमान, विरूद्ध भूमिसुधार अधिकारीसमेत ।

५. २०२८ सालको दे. फु. नं. १३२–२०२९ ने. का. प. ३१० विष्णुरमण उप्रेती विरूद्ध राजेश्वरीदेवी उपाध्यायसमेत ।

६. २०२९ सालको दे. फु. नं. १८५–२०३१ ने. का. प. ५० यावनिधि तेवारी विरूद्ध हिरण्यगर्भकुमारी तेवारीसमेत ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. २०२३ सालको दे.फु.नं. ७३–२०२६ ने.का.प. ३६६ कुंवर-इन्द्रप्रताप नारायणसिंह विरूद्ध राजमाता वसन्त कुंवरवा।

८. २०२४ सालको फौ. पु. नं. ५७०–२०२८ ने.का.प.२०८ हिरा-पासी विपक्षी श्री ५ को सरकार।

९. २०२८ सालको दे. फु. नं. १५७–२०२८ ने.का. प. ३६५ बाबुलाल थापामगर विरूद्ध गजवीर थापामगरसमेत।

१०. २०२५ सालको रि. नं. ३३३–२०२६ ने. का. प. १०५ गोविन्दना कुर्मी विरूद्ध श्री ५ को सरकार गृ. पं. मं. सचिव।

११. २०२५ सालको फौ. वि. नं. २६–२०२६ ने. का. प. १४७ श्री ५ को सरकार विरूद्ध मकरध्वज बस्नेत क्षेत्री।

१२. २०२६ सालको दे. फु. नं १७७–२०३० ने. का. प. १७१ विलट-सिंह राजपुत विरूद्ध ललितप्रसाद सिंह राजपुत।

१३. २०२७ सालको दे. फु. नं. १२६–२०२९ ने. का. प. २६३ रमाकेतन ढुङ्गाना विरूद्ध मिठुमैयाँ ढुङ्गाना।

१४. २०३० सालको दे. फु. नं. १००–२०३२ ने. का. प. ४३ गुठी संस्थान वि. नरेन्द्रविक्रमसिंह थापा।

१५. २०२६ सालको फौ. फु. नं. २६–२०३२ ने. का. प. १६१ खेचर–बहादुर बिष्ट विरूद्ध डोलबहादुर बिष्ट।

१६. २०२१ सालको दे. फु. नं. २६५–२०२२ ने. का. प. १४७ श्यामकृष्ण प्रधान विरूद्ध अम्बाकुमारी।

१७. २०२७ सालको दे. फु. नं. १४६–२०३१ ने. का. प. ६२ ज्ञानमान डंगोल विरूद्ध बाबकाजी महर्जन।

१८. २०३१ सालको दे. फु. नं. १२–२०३२ ने. का. प. ८९ रामहरि भन्ने तारानाथ विरूद्ध दशरथ षड्ङ्गनाथसमेत।

१९. २०२८ सालको रि. फु. नं. ३९–२०२९ ने. का. प. २९९ रामचरण साहुतेली विरूद्ध जि. भू. सु. का. सप्तरी।

२०. २०२५ सालको फौ. फु. नं. २५–२०२६ ने. का. प. २६४ शिवधारी थारूको सकार गर्ने दानावती थरूनी विरूद्ध हिकमतबहादुर थापा-समेत।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) केही कानूनी सिद्धान्तहरू– – – – – – – – – –२० अंक

१. न्याय दिन ढिलो गर्नु न्याय दिन इन्कार गर्नु हो।
२. शंकाको लाभ अभियुक्तले पाउँछ।
३. अपराधीकासाथै अपराध मर्दछ।
४. अदालतमा आउँदा सफा हात ली आउनुपर्छ।
५. आफ्नो मुद्दामा आफैले न्याय दिन नहुने।
६. आफ्नो हकभन्दा बढी हस्तान्तरण गर्न नसक्ने।
७. अपराधी छुट्न् एक निरपराध व्यक्ति नफसोस्।
८. न्याय गर्ने मात्र हैन न्याय गरे जस्तो पनि देखिनुपर्छ।
९. आफ्नो हक संरक्षण गर्न जागरूक नरहनेलाई अदालतले मद्दत गर्न सक्तैन।
१०. कानूनको अनभिज्ञता क्षम्य हुँदैन।

द्रष्टव्यः– माथि लेखिएका नेपाल कानूनहरू परीक्षा हुनुभन्दा ६ महीना अघिसम्म भएका संशोधन र खारेजीको परीक्षामा संशोधन वा खारेज भएको रूपबाट नै यस पाठ्यक्रममा समावेश भएको मानिनेछ।

(कानून व्यवसायी नियमावली, २०२५ को नियम ११ (१) सित सम्बन्धित)

अभिकर्ताको लागि लिइने परीक्षासम्बन्धी पाठ्यक्रम

यस परीक्षामा जम्मा सय सय अंकको तीन पत्र रहनेछ। प्रथम पत्र साढे एक घण्टाको, दोस्रो र तेस्रो पत्रको लागि समय ३।३ घण्टा रहनेछ।

१. प्रथम पत्रः– सामान्य ज्ञान (वस्तुगत) – – – – – १०० अंक

(क) विश्वसम्बन्धी– – – – – – – – – – –३० अंक

(ख) नेपाल अधिराज्यसम्बन्धी– – – – – – ४० अंक

भौगोलिक, आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक र वर्तमान घट्ना एवं विकाससम्बन्धी सामान्य ज्ञान।

(ग) पञ्चायतसम्बन्धी– – – – – – – – ३० अंक

पञ्चायतको वर्तमान ढाँचा र विभिन्न अंग।

२. दोस्रो पत्रः– कार्यविधि कानून– – – – –१०० अंक

(क) मुलुकी ऐन भाग २ अदालती बन्दोवस्तको महल र दण्ड सजायको महल– – – – – – – – – ४० अंक

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रमाण ऐन– – – – – –३० अंक

(ग) कोर्टफी ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, र नियम– – –१५ अंक

(घ) संक्षिप्त कार्यविधि ऐन र अञ्चल तथा जिल्ला अदालत नियमावली– १५ अंक

३. तेस्रो पत्रः– नेपाल ऐन, कानून– – – – –१०० अंक

(क) मुलुकी ऐन, भाग ३ कागज जाँचको महल, जमानी गर्नेको महल, जग्गा मिच्नेको महल, लोग्ने–स्वास्नीको महल, स्त्रीअंश धनको महल, लेनदेन व्यवहारको महल, रजिष्ट्रेशनको महल र धर्मपुत्रको महल– – – – – –३० अंक

(ख) मुलुकी ऐन, भाग ४ किर्ते कागजको महल, लुटपिटको महल, कुटपिटको महल, ठगीको महल, आगो लगाउनेको महल, चोरीको महल, ज्यानसम्बन्धीको महल, जिउ मास्ने बेच्नेको महल, जबरजस्ती करणीको महल, विहावरीको महल, र अदलको महल– – –२० अंक

(ग) भ्रष्टाचार निवारण ऐन र नियम, सार्वजनिक सुरक्षा ऐन, नेपाल कानून व्याख्यासम्बन्धी ऐन, भूमिसम्बन्धी ऐन र नियम, भूमी प्रशासन ऐन र नागरिक अधिकार ऐन– – – –२० अंक

(घ) नेपालको संविधान– – – – –२० अंक

द्रष्टव्यः– माथि लेखिएका नेपाल कानूनहरू परीक्षा हुनुभन्दा ६ महीना अघिसम्ममा भएका संशोधन र खारेजीको परीक्षामा संशोधन वा खारेज भएको रूपबाट नै यस पाठ्यक्रममा समावेश भएको मानिने छ।

आज्ञाले–

बडानन्दप्रसाद उपाध्याय

रजिष्ट्रार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।